# छथर गाउँपालिका

कोशी प्रदेश, तेह्रथुम

## छथर गाउँपालिकाको राजपत्र

**छथर गाउँपालिकाबाट प्रकाशित**

**खण्डः १ संख्याः १ मितिः २०८१/१२/०९**

**भाग-१**

संविधानको धारा २२६ बमोजिम तथा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँसभा/कार्यपालिकाले बनाएको यो ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# आधारभुत तथा माध्यमिक शिक्षा ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन, २०८१

***गाउँसभाबाट पारित भएको मिति : २०८१/१२/०५***

**प्रस्तावना** : छथर गाउँकार्यपालिकाको कार्यालयले बनाएको आधारभुत तथा माध्यमिक शिक्षा ऐन, २०७५ लाई समयानुकुल बनाउन केही व्यवस्थाहरु माथि संसोधन गर्न वाञ्छनीय भएकाले छथर गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** क) यो ऐनको नाम "आधारभुत तथा माध्यमिक शिक्षा ऐन, लाई संसोधन गर्ने ऐन, २०८१" रहेको छ ।

ख) यो ऐन गाउँसभाबाट पारित भई ऐनको रुपमा स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

**२. मुल ऐनको दफा २ मा संसोधन** : आधारभुत तथा माध्यमिक शिक्षा ऐन, २०७५ को दफा २ को परिभाषा खण्डमा देहायको बुँदा थप गरिएको छ :

"(प) "स्थानीय शिक्षा अधिकारी" भन्नाले गाउँपालिकाको शिक्षा शाखा प्रमुखलाई सम्झनुपर्दछ ।"

**३. मुल ऐनको दफा ९ मा संसोधन** : आधारभुत तथा माध्यमिक शिक्षा ऐन, २०७५ को दफा ९ को (झ) मा शिक्षा अधिकृत भन्ने व्यवस्थाको सट्टा देहाय बमोजिम राखिएको छ :

"(झ) शिक्षा शाखा प्रमुख ।"

**४. मुल ऐनको दफा १० (१), दफा १२ (५ र ६), दफा १३, दफा १९ (१०), दफा ३१ र दफा ४१ (३) मा संसोधन** :

**१)** आधारभुत तथा माध्यमिक शिक्षा ऐन, २०७५को दफा १० को उपदफा (१) को खण्ड (छ), दफा १२ को उपदफा (५) र (६), दफा १३ को उपदफा (६), दफा १९ को उपदफा (१०) खण्ड (घ), दफा ३१ को उपदफा (७), दफा ४१ को उपदफा (३) खण्ड (ख) मा "शिक्षा अधिकृत/विद्यालय निरिक्षक" को सट्टा "शिक्षा शाखा प्रमुख" हुनेगरी व्यवस्था गरिएको छ ।

**२)** दफा ३१ को उपदफा (१०) मा "गाउँपालिकाको शिक्षा शाखाको अधिकृत स्तरको कर्मचारी मध्ये मनोनित एकजना" को सट्टा देहाय बमोजिम हुनेगरी व्यवस्था गरिएको छ :

**(१०)** "शिक्षा शाखा प्रमुख वा तोकिएको कर्मचारी" ।

आज्ञाले
अशोक पराजुली
प्रमुख प्रशासकीय अधिकृत